# सूचना।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को उपाध्यक्षको मनोनयन गर्न र सदस्य सचिव तोक्न गठित सिफारिसम्बन्धी कार्यविधि २०८३ बमोजिम समितिको मिति २०८३/०२/२० को निर्णयबमोजिम उक्त पदमा आवेदन गर्न इच्छुक व्यक्तिबाट आवेदन माग भएको, सो बमोजिम प्राप्त हुन आएका आवेदन छानबिन गरी समितिको मिति २०८३/०२/२९ को निर्णय अनुसार उपाध्यक्ष पदमा प्राप्त हुन आएका ३६ उम्मेदवारूहमध्ये २५ जना आवेदक र सदस्य सचिव पदमा पर्न आएका सबै चारवटा आवेदनहरू स्वीकृत गरिएकोमा सिफारिसम्बन्धी कार्यविधिको दफा ९ मा आवेदकको योग्यता र अनुभवका आधारमा अल्पसूची (सर्टलिस्ट) तयार गर्ने व्यवस्था भएबमोजिम कार्यविधिको अनुसूची ३ को खण्ड (क) को उपखण्ड (ख) मा विद्यावारिधि उपाधि प्राप्त भए थप दुई अङ्क प्रदान गर्ने व्यवस्था गरिएको भएतापनि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् नियमावली, २०५१ को नियम ३ (ख) मा उपाध्यक्ष हुनको लागि चाहिने योग्यतामा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको भनी योग्यता तोकेको अवस्था रहेकाले त्रुटीबस कार्यविधिमा विद्यावारिधि उपाधि बापतको अङ्क प्रदान गर्ने गरी राखिएको प्रावधान कानुनी व्यवस्था अनुरुप  नदेखिएकोले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को उपाध्यक्ष मनोनयन सम्वन्धी  हालको प्रक्रियालाई निरन्तरता दिन उचित नदेखिएको हुँदा हालको छनोट तथा सिफारिस प्रक्रिया रद्द गरी नयाँ कार्यविधिबाट नयाँ प्रक्रिया आरम्भ गर्ने र सदस्य सचिवको हकमा मौजुदा कार्यविधिबाटै प्रक्रिया अगाडि बढाउने  भनि यस मन्त्रालयको मिति २०८३/०५/२४ (मा. मन्त्रीस्तर) को  निर्णय भएकोले सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

२०८३।०५।२६